# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको बैठक

बैठक संख्याः १४/०८१/०८२ मितिः २०८२/०२/०४

अध्यक्षताः नगर प्रमुख श्री बलदेवसिंह गोम्देन

## उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री बलदेवसिंह गोम्देन | उपस्थित |
| उपप्रमुख | श्री खड्गमाया पराजुली | |
| वडा अध्यक्ष,वडा नं १ | श्री उपेन्द्र बस्नेत | उपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री नरेन्द्र कुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री सिताराम भट्टराई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री अम्बर बहादुर कटुवाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री गिताराज खड्का | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री हरिश्चन्द्र बास्तोला | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री गोविन्द प्रसाद खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री कुमार प्रसाद उप्रेती | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री भिष्म मिश्र | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री भूपेन्द्र नेउपाने | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ११ | श्री खगेन्द्र इङ्नाम | उपस्थित |
| कार्यपालिका सदस्य | श्री कौशिलाल परियार | |
| कार्यपालिका सदस्य | श्री गौरीमाया चिमरिया | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्र कुमारी तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्रमाया तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री नरेन्द्रबहादुर राई | उपस्थित |
| कार्यपालिका सदस्य | श्री मुना खत्री | उपस्थित |
| कार्यपालिका सदस्य | श्री विमला रोक्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री सन्तोष मेचे | उपस्थित |
| सचिव, प्रमुख प्रशासकीय अधिकृत | श्री तिलोचन रिमाल | उपस्थित |

**प्रस्ताव नं ३ भेरिएसन अर्डर स्वीकृति सम्बन्धमा ।**

**प्रस्तावको व्यहोराः** यस अर्जुनधारा नगरपालिकाको चालु आर्थिक वर्षको स्विकृत बजेट तथा कार्यक्रम अन्तर्गत ठेक्का व्यवस्थापन भएको लाहुरे चौक उत्तर  दक्षिण साविक ७ र ८ मा कालोपत्रे सडक आयोजनाको साइटको आवश्यकता बमोजिम लम्बाइ बढाउनु पर्ने भएकाले रु १,५९,३७७/- (भ्याट बाहेक) को भेरिएसन अर्डर स्वीकृतिका लागि पेश भएको ।

**निर्णयको व्यहोराः** प्रस्तावमा पेश भए बमोजिमको भेरिएसन अर्डर स्वीकृत गर्ने निर्णय गरियो।

**प्रस्ताव नं ४ रकम विनियोजन सम्बन्धमा ।**

**प्रस्तावको व्यहोराः** यस अर्जुनधारा नगरपालिका  वडा नं १० वडा कार्यालय अगाडीको बाटो मर्मत तथा अर्जुनधारा नगरपालिका वडा नं ८ दुर्गा मन्दिरबाट कप्नाबारी जोड्ने बाटोमा प्लम्ब वाल र बाटो स्तरोन्नतिका लागि स्थानीय उपभोक्ताबाट माग भई आएकाले सो सम्बन्धमा छलफलका लागि विषय पेश भएको ।

**निर्णयको व्यहोराः** प्रस्तावमा पेश भए बमोजिमको अर्जुनधारा नगरपालिका  वडा नं १० वडा कार्यालय अगाडीको बाटो मर्मतका लागि रु १० लाख तथा अर्जुनधारा नगरपालिका वडा नं ८ दुर्गा मन्दिरबाट कप्नाबारी जोड्ने बाटोमा प्लम्ब वाल र बाटो स्तरोन्नतिका लागि रु ७ लाख नगरपालिकाको समपुरक कोषबाट विनियोजन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ५ सहयोग सम्बन्धमा ।**

**प्रस्तावको व्यहोराः** यस अर्जुनधारा नगरपालिका वडा नं ९ बस्ने श्री सलिना सुब्बा हाल कनकाई कले विर्तामोडमा स्नातक तहमा अध्ययनरत रहेकोमा निजले आफ्नो आर्थिक अवस्था अत्यन्तै कमजोर भएकाले क्याम्पस फि लगायतको शुल्क तिर्न नसकेको कारणले अध्ययन प्रभावित भएकाले क्याम्पस फि तिर्नका लागि आवश्यक सहयोग गरिदिन अनुरोध गरी निवेदन दिनु भएको विषयमा छलफलका लागि विषय पेश भएको

**निर्णयको व्यहोराः** पेश भए बमोजिमको उक्त विषयमा छलफल गरी निजलाई क्याम्पस फि तिर्नका लागि अन्य सामाजिक सहायता वा उपयुक्त खर्च शीर्षकबाट खर्च लेख्ने गरी रु १ लाख उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं ६ सरकारी स्वामित्वको बैंक स्थापना सम्बन्धमा ।**

**प्रस्तावको व्यहोराः** यस अर्जुनधारा नगरपालिका क्षेत्रमा हाल सरकारी स्वामित्वको बैंक नभएको र स्थानीय उपभोक्ताहरुबाट कृषि विकास बैंकको नयाँ शाखा यस अर्जुनधारा नगरपालिकामा समेत स्थापना गर्नका लागि आवश्यक पहल गर्न अनुरोध भई रहेको सम्बन्धमा थप छलफलका लागि विषय पेश भएको ।

**निर्णयको व्यहोराः** यस प्रस्तावमा छलफल गर्दा यस अर्जुनधारा नगरपालिकामा कृषि विकास बैंक जस्ता सरकारी स्वामित्वको बैंक स्थापना गर्दा स्थानीय उपभोक्ताहरुलाई सुविधा हुने देखिएकाले सो सम्बन्धमा हाललाई उप प्रमुखज्यूको संयोजकत्व एवं सम्बन्धि विषयगत शाखाका कर्मचारीहरुबाट यस क्षेत्रको व्यापारिक एवं आर्थिक गतिविधिहरुको अध्ययन गरी प्रतिवेदन एक अध्ययन गरी प्रतिवेदन पेश गर्न कार्यादेश दिने निर्णय गरियो ।